**वक्तव्यसँग परीक्षणपश्चात् प्रयोग गर्ने**

# संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तका नेपालस्थित प्रतिनिधि रिचर्ड बेनेटले मानवअधिकार दिवस तथा मानवअधिकारको विश्वव्यापी घोषणापत्र (घोषणापत्र)को ६० औं वार्षिकोत्सवको स्मरण गर्न राष्ट्रिय मानवअधिकार आयोग (आयोग)द्वारा आयोजित कार्यक्रममा दिनुभएको मन्तव्य

**२०६५ मङ्सिर २५, काठमाडौं**

नेपालका माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल ('प्रचण्ड'), राष्ट्रिय मानवअधिकार आयोगका माननीय प्रमुख आयुक्त केदारनाथ उपाध्याय, आयोगका आयुक्तहरू, संविधानसभाका माननीय अध्यक्ष सुवास नेम्वाङ, गैसस महासङ्घका अर्जुन कार्की, माननीय मन्त्रीहरू, महामहिमहरू, संयुक्त राष्ट्रसङ्घका सहकर्मीहरू, मानवअधिकार समुदायका सदस्यहरू, सञ्चारकर्मीहरू तथा मित्रहरू:

मानवअधिकारको विश्वव्यापी घोषणापत्र पारित भएको ६० औं वार्षिकोत्सव मनाउन आज हामी यहाँ भेला भएका छौं। आजको दिन लैङ्गिक हिंसाविरुद्ध वार्षिक १६ दिने गतिविधिको अन्तिम क्षण पनि हो। महिला अधिकार मानवअधिकार हुन् र यस दिन सो कुरा स्वीकार गरिनु पर्दछ भन्ने कुरामा जोड दिनु जरुरी छ भन्ने मलाई लाग्दछ।

यस कार्यक्रमको आयोजना गरेकोमा म आयोगका आयोजकहरूलाई धन्यवाद दिन र "मर्यादा, न्याय तथा शान्ति: सबैका निम्ति मानवअधिकार" भन्ने यसको नाराभन्दा राम्रो सायदै कुनै भेटिएला भन्न चाहन्छु।

संयुक्त राष्ट्रसङ्घीय महासभाद्वारा साठी वर्षअघि पारित मानवअधिकारको विश्वव्यापी घोषणापत्रले आधुनिक इतिहासको कुनै पनि अर्को दस्तावेजले भन्दा मानवमा बढी प्रभाव पारेको होला। यो ३०० भन्दा बढी भाषामा प्रकाशित भइसकेको छ र सबै देशका मानिसहरूलाई यसबारे थाहा छ। यसका सिद्धान्तहरू ९० भन्दा बढी राष्ट्रका संविधान र कानुनहरूमा प्रतिध्वनित भएका छन्।

प्रत्येक महिला, पुरुष र बालबालिकालाई समान रूपमा र मर्यादापूर्वक व्यवहार गरिने विश्वको आकाङ्क्षा गर्नेहरूका लागि सो घोषणापत्र एउटा आशाको दीपक भएको छ। दूरदर्शितापूर्ण र मौलिक यसका वास्तविक विश्वव्यापी लक्ष्य र सिद्धान्तहरू यसबारे सायदै सुनेका मानिसहरूदेखि लिएर घोषणापत्रका सन्देशहरूलाई व्यावहारिक यथार्थतामा परिणत गर्न जीवन समर्पण गर्नेहरूसम्मका विश्वभरका मानिसहरूलाई प्रेरणा दिन सक्षम छन्।

तथापि, आजको आफ्नो वक्तव्यमा उच्चायुक्तले भन्नुभएझैं, हामीले यसमा उल्लिखित लक्ष्यहरू हासिल गर्न अझै धेरै काम गर्न बाँकी छ र आफ्ना दायित्वहरू पूरा गर्ने राज्यहरूको राजनीतिक इच्छाशक्ति उनीहरूले गरेको प्रतिज्ञाभन्दा दु:खपूर्ण रूपमा पछाडि रहेको छ। तसर्थ, हामीले यसका सदा सान्दर्भिक सिद्धान्तहरूको वकालत गर्न जारी राख्नुपर्दछ एवं यसलाई यसका दृष्टिकोणहरूबाट प्रेरित हुन सक्ने तथा राज्यहरूलाई तिनका प्रतिबद्धताअनुरूप काम गराउने नयाँ पाठक र नयाँ पुस्ताहरूसम्म पुऱ्याउनैपर्छ।

मानवअधिकार संयुक्त राष्ट्रसङ्घको कार्यको केन्द्रमा रहेको छ र नेपाललगायत हामीले काम गर्ने प्रत्येक राष्ट्रमा हाम्रा सबै कार्यक्रमहरू भेदभावविहीनता तथा जवाफदेहीताका सिद्धान्तसमेत मानवअधिकारका सिद्धान्तहरूमा आधारित हुनुपर्दछ भन्ने हाम्रो नीति छ। नेपालको शान्ति प्रक्रियामा धेरै प्रगति भएको छ। यसको दीर्घकालीन सफलता मानवअधिकारको पालना कतिको राम्रोसँग हुन्छ भन्ने कुरामा निर्भर हुन्छ र यस सन्दर्भमा नेपालका अगाडि केही कठिन चुनौतीहरू रहेका छन्। के तराईको व्यापारी अपहरण वा त्यसभन्दा पनि नराम्रो परिणाम हुने खतराका बीच आफूबाट रकम असुल गर्न खोज्ने सशस्त्र समूहविरुद्ध प्रहरीले प्रभावकारी कारबाही गर्छ भनेर आश्वस्त हुन्छ त ? के राजनीतिक नेताहरू युवा भ्रातृ सङ्गठनसमेतका आफ्ना कार्यकर्ताहरूले कानुनको पालना र राज्यका संस्थाहरूको सम्मान गर्ने कुराप्रति प्रतिबद्ध हुन्छन् ? के कडा मेहनतका साथ अध्ययन गर्ने आफ्ना

छोराछोरीले आफ्नो योग्यताअनुसारको जागिर पाउँछन् भनेर दलित बाबुआमा विश्वस्त हुन सक्छन् ? के विद्रोहबाट विस्थापित हजारौं मानिसहरू आफ्नो जमिनमा फर्कन वा आफ्नो जीवनलाई पुनर्निर्माण गर्न सक्छन् ? के एउटी १५ वर्षीया बालिकालाई पक्रन, यातना दिन तथा हत्या गर्नमा जिम्मेवार सैनिकहरूलाई न्यायको कठघरामा ल्याइन्छ ? यी त्यस्ता थोरै मानवअधिकारसम्बन्धी प्रश्नहरू हुन् जसले द्वन्द्वबाट दिगो शान्तितर्फको कठिन बाटोतर्फ डोऱ्याउँदा यस देशको नेतृत्वको परीक्षण गर्नेछ।

मेरो कार्यालय देहायका कार्यहरूद्वारा यहाँ सहयोगका निम्ति उपस्थित छ: (१) राष्ट्रिय मानवअधिकार आयोग (आयोग)जस्ता राष्ट्रिय संस्थाहरू एवं नागरिक समाजलाई सहयोग गर्ने तथा सुदृढ बनाउने; (२) दण्डहीनतालाई झेल्न तथा बेपत्ता पार्ने कार्यको अनुसन्धान गरेर लगायत विगतमा भएका एवं अहिले भइरहेका मानवअधिकार उल्लङ्घनका लागि जवाफदेहीता स्थापना गर्न मद्दत गर्ने, कानुनी खाका (संविधानलगायत) र सुरक्षाफौजभित्र मानवअधिकारको सम्मानमा सहयोग दुवैद्वारा कानुनी शासनलाई सुदृढ बनाउन मद्दत गर्ने; र (३) विशेषगरी इतिहासदेखि नै सीमान्तीकृत समूह तथा महिलाहरूद्वारा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको उपभोगका सन्दर्भमा लगायत भेदभावलाई सम्बोधन गर्ने।

घोषणापत्रलाई प्रवर्द्धन गर्ने र त्यससँग सम्बन्धित अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी सन्धिहरूलाई अनुमोदन गर्ने सन्दर्भमा नेपालको निकै राम्रो इतिहासलाई स्वीकार गर्नै पर्छ। तर, अन्तत: एक प्रभावकारी राष्ट्रिय मानवअधिकार प्रणालीद्वारा राष्ट्रिय रूपमा नै मानवअधिकारको प्रवर्द्धन तथा संरक्षण हुनै पर्छ। नयाँ संविधानको मस्यौदा तर्जुमा गर्ने कार्य मानवअधिकार सुदृढीकरणको जग हो। राष्ट्रिय प्रणालीमा राष्ट्रिय मानवअधिकार आयोग एवं राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानजस्ता स्वतन्त्र र प्रभावकारी राष्ट्रिय संस्थाहरू, स्वतन्त्र न्यायपालिका तथा संसदीय मानवअधिकार समितिको रेखदेखमा रहेका अन्तर्राष्ट्रिय मापदण्ड तथा संविधानसँग मिल्ने कानुन, सक्रिय तथा स्वतन्त्र सञ्चार माध्यम र अन्त्यमा उत्तिकै महत्त्वपूर्ण सम्मानित तथा संरक्षित मानवअधिकार रक्षक - विशेषगरी महिला रक्षक - समेतको सक्रिय नागरिक समाज समावेश हुनुपर्छ। यस सन्दर्भमा, एक सक्रिय मानवअधिकार रक्षक लक्ष्मी बोहराको आरोपित हत्याको पूर्ण अनुसन्धान गरी पीडकलाई दण्डसजाय हुन जरुरी छ। मानवअधिकार रक्षकहरू समाजका आस्थाका संरक्षक हुन् र राज्यले ती रक्षकहरूको रक्षा गर्नुपर्छ। मेरो कार्यालय त्यस्तो राष्ट्रिय संरक्षण प्रणालीको सुदृढीकरणमा सहयोग जारी राख्न तयार छ।

प्रधानमन्त्रीज्यू, राष्ट्रिय मानवअधिकार आयोग एउटा निकै महत्त्वपूर्ण संस्था हो भन्ने मेरो धारणा छ। यसले आलोचक र विवेकशील भई कार्य गर्नुपर्दछ। यसको विश्वसनीयता मूलत: जनतामा यसप्रति रहेको विश्वास तथा सरकारले यसलाई गर्ने सहयोगमा भर पर्दछ। सन्धि, कानुन तथा बेग्लाबेग्लै घटनाहरूलगायतका कतिपय मानवअधिकारसम्बन्धी मुद्दाहरूबारे सरकारलाई सिफारिस गर्नु यसका भूमिकाहरूमध्ये एक हो। तथापि, आयोग आफैंले यसले सरकारलाई गरेका सिफारिसहरूको प्राय: कुनै जवाफ नआउने गरेको बताएको छ। आयोगका सबै सिफारिसहरूमाथि सरकारले कारबाही नगर्न चाहन सक्ने कुरा म मान्छु तर आयोगका सबै सिफारिसहरूलाई गम्भीरतापूर्वक लिनु र उपयुक्तरूपले सम्बोधन गरिनु जरुरी छ। उदाहरणार्थ, सरकारले आफूलाई थप जानकारी चाहिन्छ जस्तो लागेमा यसबारे आयोगलाई जानकारी गराउनुपर्छ।

उच्चायुक्तको कार्यालय र आयोग वा नागरिक समाजकै कार्य पनि कहिलकाहीं दोहोरिएका वा एउटै भएका भनी समयसमयमा भन्ने गरिएको मैले सुनेको छु। यस्तो सोच सही हो भन्ने मलाई लाग्दैन। उच्चायुक्तको कार्यालय, आयोग तथा नागरिक समाजको पूरक भूमिका रहेको छ र नेपालको सङ्क्रमणकालको यस चरणमा मानवअधिकारको संरक्षण र संवर्द्धन गर्ने कार्यमा यी एकअर्काका सहयोगी हुन्। माथि उल्लेख गरिएझैं, एक प्रभावकारी मानवअधिकार प्रणालीको विकासमा सहयोग पुऱ्याउन मेरो कार्यालय प्रतिबद्ध छ। हामीले आफ्नो प्राथमिकताहरूमा हालै गरेको पुनर्संकेन्द्रणले यस प्रक्रियामा उच्चायुक्तको कार्यालयले दिएको महत्त्वलाई प्रतिविम्बित गर्दछ। नेपालले हाल सामना गरिराखेका मानवअधिकारका चुनौतीहरू हामी सबैलाई व्यस्त राख्न पर्याप्त छन् भन्ने कुरा प्रस्ट छ। हामीले एकअर्कालाई सहयोग गर्नै पर्छ र समन्वीकृत हुनै पर्छ। विगत केही महिनादेखि आयोगसँगको हाम्रो कार्यक्षेत्र विस्तृत र गहिरो भएको छ। तपाईंहरूले आज यहाँ देखिरहनुभएको पोस्टर यसको एउटा उदाहरण हो। मानवअधिकारको सम्मान सुनिश्चित गर्न तथा मानवअधिकारको प्रवर्द्धन तथा संरक्षण गर्न आयोगले गरेका प्रयासमा आयोगलाई सहयोग गर्न हामी राष्ट्रिय तथा क्षेत्रीय दुवै तहहरूमा सधैंको भन्दा बढी सहकार्य गर्दैछौं। बेपत्ता पार्ने कार्य तथा दण्डहीनताका विषयमा खुलेर बोल्नु, बालअधिकारसम्बन्धी दक्षिण एसियाली राष्ट्रिय मानवअधिकार संस्थाहरूको हालै आयोजित सम्मेलन र न्यायमाथिको पहुँचसम्बन्धी कार्यशालाको आयोजनालगायतका हालै हासिल भएका केही उपलब्धिहरूका निम्ति म आयोगको प्रशंसा गर्न चाहन्छु।

सेप्टेम्बरमा संयुक्त राष्ट्रसङ्घीय महासभामा गरेको आफ्नो सम्बोधनमा तपाईंद्वारा व्यक्त मानवअधिकारप्रतिको प्रतिबद्धताबाट मेरो कार्यालय हर्षित छ। बेपत्ता पार्ने कार्यसम्बन्धी जाँचबुझ आयोग गठन गर्न नयाँ कानुनको मस्यौदा तयार गर्ने कार्य, हलियाहरूलाई मुक्त गर्ने सम्बन्धमा हालै गरिएका प्रयास तथा नाबालक सिपाहीहरूलाई मुक्त गर्ने अघिल्लो साताको वचनबद्धता जस्ता त्यसपश्चात् भएका केही घटनाक्रमहरू उत्साहप्रद छन्। तर अदालतबाट हालै ३४९ मुद्दाहरू फिर्ता लिने कार्य, विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरिएपश्चात् भएका हिंसाका कुनै पनि गम्भीर घटनाका लागि जवाफदेहीताको अभाव, तराईका केही जिल्लाहरूमा सशस्त्र समूहहरूद्वारा सार्वजनिक सुरक्षामा भएको गम्भीर खतरा तथा युवा सङ्गठनहरूद्वारा गरिएका केही दुर्व्यवहारपूर्ण गतिविधिहरूलगायतका केही चिन्तायोग्य सङ्केतहरू पनि छन् भनी म विनम्रतापूर्वक भन्न चाहन्छु। यी मुद्दाहरूलाई सम्बोधन गर्न एवं बेपत्ता पार्ने कार्यसम्बन्धी जाँचबुझ आयोगको स्थापना द्रुत गतिमा गर्न, भूमिसुधार आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगका सम्बन्धमा कार्य अगाडि बढाउन तथा भेदभावलाई सम्बोधन गर्ने र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारमा सुधार गर्ने प्रयासलाई दोब्बर बनाउन उच्चायुक्तको कार्यालयले सरकारलाई प्रोत्साहन गर्दछ।

प्रधानमन्त्रीज्यू, महिला तथा सज्जनवृन्द, सबै नेपालीहरूका लागि घोषणापत्रका आकाङ्क्षाहरूलाई यथार्थतामा परिणत गर्ने समय आएको छ। आज र विगत केही दिनयता सो घोषणापत्रबारे जनचेतना अभिवृद्धि गर्न नेपालभरि चलचित्र महोत्सव, साङ्गीतिक कार्यक्रम, घोषणापत्रको गीत, कारागार तथा थुनुवाहरूका अधिकारसम्बन्धी फोटो प्रदर्शनी, मानवअधिकार प्रदर्शन कक्षहरू, दण्डहीनताविरुद्ध म्याराथन तथा घोषणापत्रको यो नयाँ पोस्टरको विमोचनलगायतका कार्यक्रमहरू भएका छन्। सो घोषणापत्रका सिद्धान्तलाई यथार्थतामा परिणत गर्न कर्तव्यवाहकहरू जतिसुकै इच्छुक भए पनि यो कुरा हुनका लागि मानिसहरूले आफ्ना अधिकार जान्नु र तिनको माग गर्नु अत्यावश्यक हुन्छ भनी अनुभवले हामीलाई देखाएको छ, जसले गर्दा विशेष कार्यदिष्टाका कार्यादेश पाएकाहरूको आजको संयुक्त वक्तव्यमा भनिएझैं – "यो मेरो अधिकार हो!" भनी उनीहरूले दाबी गर्न सक्नेछन्।

उच्चायुक्तको कार्यालय-नेपालले उपयोगी भूमिका खेलिरहन सकुन्जेल यो कार्यालय सबै नेपालीहरूको मानवअधिकारको सम्मान सुनिश्चित गर्ने तथा मर्यादा र न्यायलाई प्रवर्द्धन गर्ने अपूर्ण कार्यलाई पूर्णता दिन सरकार, राष्ट्रिय संस्थाहरू, नागरिक समाज र अन्यसँग कार्य गर्न जारी राख्नेछ भनेर म मेरो तर्फबाट वाचा गर्दछु।

धन्यवाद।